# नेपालमा लैङ्गिक मूल प्रवाहीकरण एवं समावेशीकरणका लागि व्यवस्थापिका संसद् महिला, बालबालिका र समाज कल्याण समितिको भूमिका



प्रह्लाद पोखरेल*

## १. विषय प्रवेश

नेपालको अन्तरिम संविधान, २०६३ ले लैङ्गिक मूल प्रवाहीकरणमा जोड दिँदै यस प्रस्तावनामा देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने कुरा स्पष्ट रूपमा उल्लेख गरेको छ। त्यसै गरी धारा १३ मा समानताको हकको व्यवस्था गरी धारा २० मा महिलाको हकअन्तर्गत महिला भएकै कारणबाट कुनै भेदभाव नगरिने र धारा २१ ले सामाजिक न्यायको हकमा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिलालाई समानुपातिक समावेशीको सिद्धान्तका आधारबाट राज्यको शासन व्यवस्थामा सहभागी हुने हक प्रदान गरेको छ। राजनीतिक दलले प्रत्यक्ष निर्वाचनका लागि उमेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनुपर्ने र समानुपातिक निर्वाचनका लागि उमेदवारहरूको नाम सूचीकृत गर्दा महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेसीलगायत अरू वर्गसमेतको समानुपातिक प्रतिनिधित्व गराउनुपर्ने र महिला हकमा प्रत्यक्ष तथा समानुपातिक गरी प्रत्यक्ष राजनीतिक दलको कुल उमेदवार सङ्ख्याको न्यूनतम एक तिहाइ ३३% उमेदवारी दिनै पर्ने व्यवस्थाले गर्दा वर्तमान संविधान सभा/व्यवस्थापिका संसद् विश्वमा समावेशिता र लैङ्गिक मूल प्रवाहीकरणका लागि अनुपम नमुना बन्न पुगेको र यसमा देशका सबै जातजाति, भाषाभाषी, लिङ्ग, वर्ग, क्षेत्रको प्रतिनिधित्व भएको साझा फूलवारी बनेको छ। हालको व्यवस्थापिका संसद्को बनावट निम्नानुसार रहेको छ :

समावेशीकरणका दृष्टिकोणबाट

| पुरुष | महिला | आदिवासी जनजाति | मधेसी | ब्राह्मण/क्षेत्री | दलित | पिछडिएको क्षेत्र | मुस्लिम |
|---|---|---|---|---|---|---|---|
| ४०३ | १९६ | २१८ | २०४ | २०३ | ५० | २६ | १६ |

यसरी संविधानद्वारा प्रदत्त हकअधिकार तथा राज्यद्वारा महिलाको उत्थान र विकासका लागि व्यवस्था गरिएको संस्थागत तथा नीतिगत व्यवस्थाको प्रभावकारी अनुगमन गरी अन्तर्राष्ट्रिय स्तरमा भएका प्रयास र प्रतिबद्धताहरूको कार्यान्वयनका लागि व्यवस्थापिका संसद् महिला, बालबालिका र समाज कल्याण समितिको अहं भूमिका रहेको छ।

नेपालको अन्तरिम संविधान २०६३ आउनुपूर्व व्यवस्थापिका संसद्मा महिलाहरूको विषय हेर्ने छुट्टै समिति अस्तित्वमा थिएन। महिलासम्बन्धी सवाल हेर्ने गरी सामाजिक न्याय समिति क्रियाशील थियो। लोकतन्त्र

* उपसचिव, व्यवस्थापिका संसद् सचिवालय।

बहाली र गणतन्त्र स्थापनापछि महिलाको सवालले प्राथमिकता पाएको र अन्तरिम संविधानले पनि महिलाको राजनीतिक सहभागिता सुनिश्चित गरी नेपालको व्यवस्थापिका संसद्मा पहिलोपटक करिब ३३% (६०१ सभासद सङ्ख्यामध्ये १९७ जना) महिला प्रत्यक्ष मतदान र समानुपातिक प्रतिनिधित्वका आधारमा व्यवस्थापिका संसद्मा प्रतिनिधित्व भएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५८ को अधिकारअन्तर्गत संविधान सभा (व्यवस्थापिका संसद्को कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ११० (५) ले व्यवस्था गरेको यस समितिको उक्त नियमावलीको नियम ११२ अनुसार व्यवस्थापिका संसद्का सम्माननीय सभामुखबाट २०६५।८।२९ मा गठन भएको थियो । यस आलेखमा यस समितिले नेपालमा लैङ्गिक मूल प्रवाहीकरण एवं समावेशीकरणका लागि खेलेको तथा खेल्न सक्ने भूमिकाका बारेमा चर्चा गर्ने जर्मको गरिएको छ ।

## २. व्यवस्थापिका संसद्, महिला बालबालिका र समाज कल्याण समितिको मौजुदा भूमिका

- महिला बालबालिका र समाज कल्याण समितिले नेपालमा लैङ्गिक मूल प्रवाहीकरण एवं समावेशीकरणका लागि सरकारलाई व्यवस्थापिका संसद्प्रति जवाफदेही बनाउन सरकारबाट भएगरेका कामकारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा रायसल्लाह दिने समितिको मुख्य भूमिका रहेको छ ।
- यस समितिको कार्यक्षेत्रअन्तर्गत नेपाल सरकारको महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रहने व्यवस्था संविधान सभा (व्यवस्थापिका संसद्को कार्यसञ्चालन) नियमावली २०६५ को नियम ११० ले गरेको छ ।
- यस समितिको कार्यक्षेत्रभित्रको मन्त्रालय, विभाग र अन्तर्गतका निकायका नीति, कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समूचित टिप्पणी, सिफारिस र निर्देशनसहितको वार्षिक प्रतिवेदन सभामा पेश गर्ने ।
- अर्न्तगत मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरूको राजस्व र व्यय अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा केकति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो रायसहितको वार्षिक प्रतिवेदन सभामा पेश गर्ने ।
- मन्त्रिपरिषद्का सदस्यहरूले सरकारका तर्फबाट सभामा समयसमयमा दिएका आश्वासनहरूलाई पूरा गर्न नेपाल सरकारद्वारा केकस्ता कदमहरू उठाएका छन् ? सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।
- समितिको क्षेत्राधिकारभित्रको विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र सभामा प्रतिवेदन पेश गर्ने ।
- समितिको कार्यक्षेत्रमा पर्ने सरकारी निकायद्वारा प्रचलित ऐननियमअनुरूप भएगरेका कामकारबाहीबारे छलफल गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।
- समितिको कार्यसम्पादनको सिलसिलामा समितिका सदस्यहरूले सभामुखको पूर्वस्वीकृति लिई स्थलगत अध्ययन भ्रमणसमेत गर्ने ।
- समितिको प्रतिवेदन कार्यान्वयन भए नभएको अनुगमन एवं मूल्याङ्कन गरी सोको प्रतिवेदन सभामा पेश गर्ने ।
- आफ्नो कामको निमित्त आवश्यक कुनै कागजपत्र झिकाउन वा कुनै व्यक्ति वा पदाधिकारीलाई उपस्थित गराउन सक्ने र उपस्थित गराइएको व्यक्ति वा पदाधिकारीलाई आवश्यक भएमा बयान लिन र बकपत्र गराउन सक्ने ।

## ३. लैङ्गिक मूल प्रवाहीकरण एवं समावेशीकरणका लागि महिला बालबालिका र समाज कल्याण समितिको प्रस्तावित भूमिका

### क) नीतिसम्बन्धी भूमिका

- लैङ्गिक मूल प्रवाहीकरण एवं समावेशीकरणका लागि अन्तर्राष्ट्रिय मूल र सिद्धान्तहरूको पैरवी गर्ने ।
- समग्र अधीनस्त मन्त्रालयलाई नेतृत्वदायी भूमिका खेली महिला सशक्तीकरणको अभियानमा अभिप्रेरित गर्ने ।
- आफ्नो अधिकारक्षेत्रभित्रका मन्त्रालयमा महिलामैत्री (GenderFriendly) कार्यक्रम लागू गर्न पहल गर्ने र तद्नुरूप भए नभएको स्थलगत अध्ययन/अनुसन्धान गर्ने ।
- महिला विरुद्ध रहेको ऐन, नियम, कानुनी व्यवस्था आदेश, परिपत्र, निर्णय आदिको लेखाजोखा गरी समावेशी तथा लैङ्गिक समानता कायम गर्ने कानुनी व्यवस्थाका लागि सम्बन्धित निकायलाई निर्देशन दिने ।

महिला बालबालिका र समाज कल्याण समितिले खेल्न सक्ने समन्वयात्मक भूमिकालाई आन्तरिक एवं बाह्य गरी दुईओटा पाटोमा छुट्ट्याएर हेर्न सकिन्छ ।

### ख) आन्तरिक समन्वय

विशेष गरी महिला, बालबालिका र समाज कल्याण समितिले महिलासँग सम्बन्धित सवालहरू (Issues) र नीति निर्माणमा भूमिका खेल्ने सरकारी निकाय, आयोग सचिवालयसँग नजिकको सहकार्य र सम्बन्ध कायम राख्नु अति जरुरी छ । समितिलाई हालको अवस्थामा सरकारी पक्षले अनावश्यक दुःख दिने, अनावश्यक झन्झन्ट लगाउने र सरकारको काममा भाँजो हाल्ने निकायका रूपमा नकारात्मक दृष्टिले हेर्ने गरेको अवस्था विकास भएको महसुस भइरहेछ । त्यसैले यो गलत धारणा (Misunderstanding) लाई हटाउनु जरुरी छ । यसले गर्दा विशेष गरेर महिला बालबालिका समाज कल्याण र स्वास्थ्य तथा जनसङ्ख्यासम्बन्धमा नीति निर्माण कार्यक्रम तर्जुमा कार्यान्वयन, आवश्यक आर्थिक भौतिक स्रोतसाधनको उपलब्धता यस क्षेत्रमा कार्यक्रमको दोहोरोपना हटाउन कार्यक्रमगत समन्वय आदि विभिन्न समन्वयका क्षेत्र हुन सक्दछन् । यसले गर्दा महिला, बालबालिका स्वास्थ्य तथा जनसङ्ख्या क्षेत्रमा आउन सक्ने समस्या कम हुने र आइपरेका समस्या समाधान गर्न सजिलो भई लैङ्गिक मूल प्रवाहीकरण एवं समावेशीकरणका कार्यक्रम सञ्चालनमा समेत गति हासिल गर्न मद्दत मिल्छ ।

### ग) बाह्य समन्वय

महिला बालबालिका समाज कल्याण समिति भर्खरै गठन भएको समिति भएको र नेपालले पनि आगामी संविधानमा समावेशिताको आधारलाई अङ्गीकार गरेको सन्दर्भमा अन्तर्राष्ट्रिय प्रचलन मान्यता विदेशी दातृ समुदाय गैरसरकारी क्षेत्रसँग समन्वय गरी सहकार्य गरी यस समितिअन्तर्गत विशेष आयोजना इकाइ (Project unit) स्थापना गरी सोसम्बन्धी कार्यक्रम ल्याई विभिन्न कार्यहरू गर्नुपर्दछ । यसले गर्दा भविष्यमा मानव विकास संसाधनको समेत स्थापना गर्न सहज हुन सक्छ ।

## ४) समितिबाट हालसम्म भएका महत्त्वपूण कार्यहरू

महिला बालबालिका र समाज कल्याण समितिमा हाल कुल ५८ जना माननीय सदस्यहरू विभिन्न पृष्ठभूमिका रहनु भएको छ । यस समितिको सभापति महिला नै हुनु र मधेसमूलको समेत भएकोले लैङ्गिक

मूल प्रवाहीकरण र समावेशीकरणका लागि महत्त्वपूर्ण प्रेरणा मिलेको छ भने अर्कोतर्फ समितिमा ३४ जना महिलाहरूको प्रतिनिधित्व रहेको छ । यसमा ठूला राजनीतिक दलका र नारीवादी आन्दोलनमा अहम् भूमिका खेलेका व्यक्तित्वहरूको बाहुल्यता छ । यसले गर्दा उच्च राजनीतिक सुझबुझका साथ समितिलाई निरन्तर क्रियाशील गराउन मद्दत मिलेको महसुस भएको छ ।

विद्यमान ऐननियमले निर्दिष्ट गरेका विषयको कार्यक्षेत्र तथा कामकर्तव्यका आधारमा बैठक बसी विभिन्न महत्त्वपूर्ण निर्णयहरू गरी कार्यसम्पादन गरिरहेको छ । यस समितिले महिलाको हकहित र स्वास्थ्य तथा जनसङ्ख्या क्षेत्रमा रहेका विद्यमान नीतिगत, व्यावहारिक, कार्यगत कार्यक्रमगत क्रियाकलापको समेत अध्ययन अवलोकन गर्ने कार्य सम्पन्न गरेको छ । यसका लागि देहायबमोजिम ५ ओटा उपसमिति र बेलाबखतमा आकस्मिक रूपमा आइपर्ने घटना र स्थितिको अध्ययनसमेत गर्ने कार्य सम्पन गरेको छ ।

- ✓ महिलासम्बन्धी अध्ययन समिति
- ✓ बालबालिकासम्बन्धी अध्ययन समिति
- ✓ स्वास्थ्य तथा जनसङ्ख्यासम्बन्धी अध्ययन समिति
- ✓ समाज कल्याणसम्बन्धी अध्ययन समिति
- ✓ सामाजिक न्यायसम्बन्धी अध्ययन समिति

यसरी समितिको कार्यक्षेत्रसँग सम्बन्ध राख्ने विशेष घटनाहरूका अतिरिक्त नेपाल सरकारद्वारा महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त, अपाङ्गलगायतका समाज कल्याणका क्षेत्रमा भएका कामकारबाहीहरू र स्वास्थ्य तथा जनसङ्ख्याका क्षेत्रमा भएका कामकारबाहीसमेतको अध्ययन/अनुगमन/मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने काम गरी नेपाल सरकारलाई व्यवस्थापिका संसद्प्रति उत्तरदायी र जवाफदेही बनाउने प्रयास समितिले गरेको छ । खास गरी महिला, बालबालिका, समाज कल्याण र स्वास्थ्य तथा जनसङ्ख्याका क्षेत्रमा अवलम्बन गरिएका नीतिसमेतको विश्लेषण गरी निर्देशन/छलफल विभिन्न गोष्ठी तथा सेमिनारको आयोजना गरी तत्सम्बन्धमा मसिनोसँग अध्ययन अनुसन्धान गर्ने काम भएका छन् ।
यसअतिरिक्त समितिको कार्यक्षेत्रसँग सम्बन्धित विशेष घटनाका सम्बन्धमा देहायका कार्यहरू उपसमिति गठन भई सम्पादन भएको थियो ।

- ललितपुर जिल्ला प्युटार निवासी महिला श्री कल्लीकुमारी विश्वकर्मालाई कथित बोक्सीको आरोप लगाई अमानवीय कार्य गरेको सम्बन्धमा अध्ययन गर्न गठित उपसमितिबाट अध्ययन सम्पन्न भई सरकारलाई निर्देशन दिने काम भयो ।
- मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलमा झाडापखालाको महामारी फैलिएको र सोबाट महिला र बालबालिका अत्यधिक रूपमा प्रभावित भएको सम्बन्धमा सो महामारी व्यवस्थापन अनुगमन उपसमिति गठन भई कार्य सम्पन्न भयो ।
- जिल्ला प्रहरी कार्यालय, अछाममा एक महिला प्रहरी जवानउपर आफ्नै सहकर्मी पुरुष प्रहरीबाट घटेको बलात्कारको घटनाका सम्बन्धमा अध्ययन गर्न उपसमिति गठन भई कार्य सम्पन्न भयो ।
- बर्दिया राष्ट्रिय निकुञ्ज परिसरभित्र नेपाली सेनाका सुरक्षाकर्मीबाट गोली प्रहार गरी २ जना महिला तथा १ जना बालिकाको ज्यान गएको घटनाका सम्बन्धमा स्थलगत अध्ययन कार्य उपसमितिबाट सम्पन्न भयो ।
- महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र समाज कल्याण परिषद्बीच उत्पन्न विवादका विषयमा अध्ययन तथा छानबिन गर्न गठित उपसमितिद्वारा कार्य सम्पन्न भयो ।
- कपिलवस्तुको मर्यादापुरमा एक बालिकालाई इँटा भट्टामा बलि दिएको घटनाका विषयमा अध्ययन गर्न गठित उपसमितिबाट अध्ययन कार्य सम्पन्न भयो ।
- वीर अस्पतालमा लामो समयदेखि आकस्मिक सेवासमेत बन्द गरी हड्ताल गरेको र सोबाट सर्वसाधारण

जनता स्वास्थ्य सेवाबाट वञ्चित रहेको सम्बन्धमा अध्ययन गर्न गठित उपसमितिबाट कार्य सम्पन्न भयो ।

- वीर अस्पतालको गामा क्यामराका सम्बन्धमा अध्ययन गर्न गठित उपसमितिले अध्ययन कार्य सम्पन्न गऱ्यो ।
- नर्सिङ तथा सामान्य चिकित्साका कार्यक्रम सञ्चालन गर्ने मापदण्डका सम्बन्धमा उपसमिति गठन भई अध्ययन कार्य चालू रहेको छ ।
- बैदेशिक रोजगारीमा महिलाको अवस्था र स्थिति विषयक अध्ययन गर्न उपसमिति गठन भइरहेको छ ।
- सुर्खेत, नवलपरासी र चितवन जिल्लामा डेङ्गु रोगको महामारीको नियन्त्रणका सम्बन्धमा भएको प्रयासको अध्ययन अनुगमन गर्न उपसमिति गठन भई अध्ययन कार्य सम्पन्न भएको ।

यसका अतिरिक्त महिला, बालबालिका र समाज कल्याण समितिले आमाका नामबाट समेत नागरिकता दिनेसम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने आवश्यक व्यवस्था गर्न ७५ ओटै जिल्ला प्रशासन कार्यालयहरूलाई परिपत्र गर्ने व्यवस्था गर्न मा. गृहमन्त्रीमार्फत नेपाल सरकार गृह मन्त्रालयलाई निर्देशन दिएको छ । यसका साथै २०५२ सालमा नेपाल सरकार गृह मन्त्रालयबाट जारी भएको निर्देशनमा दलित समुदायको व्यक्तिलाई आफ्नो पेसागत आधारमा नभई थरगोत्रका आधारमा नागरिकता प्रदान गर्न गरिएको निर्देशन कतिपय जिल्लामा लागू भएकोले तत्काल निर्देशनलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने सम्बन्धमा पनि उक्त मन्त्रालयलाई निर्देशन दिएको थियो ।

## ५. समस्या र सवालहरू (Problems and Issues)

- महिला बालबालिका समितिले संसद्मा पेश गर्ने प्रतिवेदनमा उल्लेखित विषयहरूको कार्यान्वयन गर्नुपर्ने व्यवस्था भए पनि त्यसको व्यापक रूपमा अनुगमन गर्न नसकिएको अवस्था छ ।
- यस समितिलाई कार्यक्षेत्रअन्तर्गतका मन्त्रालयहरूले के गर्दै छन् तथा के हुँदै छ भन्ने सम्बन्धमा जानकारी नियमित रूपमा आइरहेको पाइँदैन, जस्तै महिलासम्बन्धी विधेयकका सम्बन्धमा यस समितिलाई पूर्व जानकारी भई सोउपर व्यापक छलफल हुनु आवश्यक छ ।
- व्यवस्थापिका संसद् महिला बालबालिका तथा समाज कल्याण समितिले बेलाबेलामा दिएका निर्देशन तथा सुझावहरू सम्बन्धित मन्त्रालयले गम्भिरतासाथ नलिनु, जस्तै महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र समाज कल्याण परिषद्बीच उत्पन्न विवादका सम्बन्धमा समितिले दिएको निर्देशन पालना मन्त्रालयले नगरेको हुँदा सोउपर निर्देशन कार्यान्वयन एवं अध्ययन टोली पुनः गठन भई कार्यरत रहेको छ ।
- यस समितिका सम्बन्धमा मन्त्रालयको तत्कालीन, अल्पकालीन र दीर्घकालीन रूपमा सम्पन्न गरिने नीति, कार्यक्रम जानकारीको अभाव एवं समन्वयको कमी ।
- महिला बालबालिका तथा समाज कल्याणका सम्बन्धमा सञ्चालन गरिने वार्षिक नीति र कार्यक्रम तयार गर्दा संसदीय समितिसँग छलफल गरेर तयार गर्ने परिपाटी नभएको ।
- समितिका माननीय सदस्य एवं आबद्ध कर्मचारीको क्षमता विकाससम्बन्धी कार्यक्रममा सम्बन्धित मन्त्रालयबाट समन्वयनको अभाव ।

## ६. सुझावहरू (Recommendations)

- आगामी दिनमा महिलाको हकअधिकारसम्बन्धी ऐननियम कार्यान्वयन भई महिला अधिकारसम्बन्धी सम्झौताहरूको कार्यान्वयनको अवस्थासम्बन्धी प्रगति प्रतिवेदन नियमित रूपमा समितिमा पठाउने व्यवस्था सम्बन्धित मन्त्रालयले गर्नुपर्ने ।

- महिला हकअधिकारसम्बन्धी कार्ययोजनाहरू संसदीय समितिमा पनि अनिवार्य रूपमा छलफल गराउने व्यवस्था सम्बन्धित निकायले मिलाउनुपर्ने ।
- महिलासम्बन्धी वार्षिक नीति र कार्यक्रम तयार पार्दा संसदीय समितिसँग छलफल गरेर तयार गर्ने परिपाटी सम्बन्धित निकायले बसाउनुपर्ने ।
- महिलाको हकअधिकारका सम्बन्धमा संसद्ले पारित गरेका ऐनअन्तर्गत बन्ने नियम/विनियम अनिवार्य रूपमा समितिमा पठाउने व्यवस्था सम्बन्धित निकायले गर्नुपर्ने ।
- महिलाको हित प्रवर्द्धनका लागि स्थापना गरिने र अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ/सङ्गठनहरूको कामकारबाहीको पारदर्शिता र अनुगमन गर्ने कामलाई सुदृढ पार्ने आवश्यक व्यवस्था मिलाउनुपर्ने ।
- महिलासम्बन्धी विभेदकारी विद्यमान कानुनहरू यथाशीघ्र खारेज गर्ने सम्बन्धमा सम्बन्धित मन्त्रालयले अग्रिम पहल गर्नुपर्ने ।
- महिला सशक्तीकरणका लागि सचेतना कार्यक्रम देशभरका गा.वि.स./न.पा. सम्म व्यापक रूपमा सञ्चालन गर्नुपर्ने ।
- महिलाहरूले बच्चाको स्याहारसुसार गरी घरमा बस्नुपर्ने । यसरी घरायसी कामबाट बाहिर निस्किने वातावरण नबनेको हुनाले गाविस/नपा तथा वडामा शिशु स्याहार केन्द्रको स्थापना गर्नुपर्ने ।

## ७. निष्कर्ष

हाल व्यवस्थापिका संसद् महिला बालबालिका र समाज कल्याण समितिका माननीय सदस्यहरूको भूमिका दोहोरो छ । एकातिर व्यवस्थापिका संसद्को सदस्य र अर्कोतर्फ संविधान सभाको सदस्यसमेत हुँदा नेपालमा लैङ्गिक मूल प्रवाहीकरण र समावेशीकरणका लागि अब बन्ने नेपालको संविधानमा केकस्ता प्रावधानहरू राख्ने भन्ने सम्बन्धमा व्यापक रूपमा सम्बन्धित सरोकारवालाहरूसँग सहकार्य र बहस हुनु जरुरी छ । यसले गर्दा महिलाहरूको आर्थिक एवं सामाजिक विभेद हटाउने गरी सकारात्मक रूपमा उक्त प्रावधानहरूको व्यवस्था देशको मूल कानुनमा समावेश गर्नु जरुरी छ ।

यसर्थ आगामी बन्ने संविधानमा महिला एवं सामाजिक रूपमा पछि परेका जात, जाति, वर्ग, क्षेत्र, समुदायलगायतका जनताका लागि सामाजिक, आर्थिक र राजनीतिक अधिकारको स्पष्ट व्यवस्था गरी सोको अक्षरशः कार्यान्वयनको संयन्त्रसमेत निर्माण गरी कार्यान्वयन हुनका लागि पनि महिला बालबालिका र समाज कल्याण समिति अझ बढी क्रियाशील हुनुपर्दछ ।

अन्त्यमा, नेपालमा लैङ्गिक मूल प्रवाहीकरण एवं समावेशीकरणका लागि व्यवस्थापिका संसद् महिला बालबालिका र समाज कल्याण समितिले अग्रगामी भूमिका खेल्दै आएको वर्तमान परिप्रेक्षमा यस समितिले अझ क्रियाशील हुँदै तल्लो समुदायसम्म पुगी उनीहरूको यथार्थ पीडा र स्थितिको अध्ययन अनुसन्धान गरेर तद्नुसार नीतिगत, कानुनी एवं व्यावहारिक निर्णय लिई जानुपर्ने सन्दर्भमा समितिको भूमिका पहिचान गरी यसलाई सक्षम बनाउदै लैजानु आजको आवश्यकता हो ।

## सन्दर्भ सामग्री

- - -, नेपालको अन्तरिम संविधान, २०६३, काठमाडौं, नेपाल कानुन किताब समिति ।

- - -, वार्षिक प्रतिवेदन २०६६/६७, काठमाडौं, व्यवस्थापिका संसद् महिला बालबालिका र समाज कल्याण समिति ।

- - -, सविधान सभा (व्यवस्थापिका संसद्को कार्य सञ्चालन) नियमावली २०६५, काठमाडौं, नेपाल कानुन किताब समिति ।